आज मिति २०८२ साल जेष्ठ ०७ गते तदनुसार ( May 21, 2025) बुधबार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँपालिकाको सभाहलमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा तपसिल बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री विष्णु बहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम वहादुर वलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री पूर्ण वहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| श्री वाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री भोरावहादुर राई | प्र.प्र.अ./ सचिव | |
| **कार्यबाहक :** | | |
| श्री गायत्री प्रसाद दाहाल | ६ नं. वडा कार्यबाहक अध्यक्ष | |
| श्री कमलज्योति तामाङ | ४ नं. वडा कार्यबाहक अध्यक्ष | |
| श्री टिकामाया थापा | ८ नं. वडा कार्यवाहक अध्यक्ष | |

२०८२ साल जेष्ठ ७ गते तदनुसार May 21, 2025 बुधबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. संगठन तथा व्यवस्थापन (O&M) सर्वे सम्बन्धमा।

२. इन्धन विल भुक्तानी सम्बन्धमा ।

३. कार्यक्रम खर्च विल भुक्तानी सम्न्धमा।

४. मेयर कप खेलकुद सहभागी खर्च विल भुक्तानी सम्बन्धमा ।

५. विद्यालय समायोजन (मर्ज) सम्बन्धमा ।

६. तालिम सञ्चालन सम्बन्धमा ।

७. सेवा करार कर्मचारी पदपूर्ति गर्ने सम्बन्धमा ।

८. गाउँपालिका नारा स्वीकृत गर्ने गरी प्रचलनमा ल्याउने सम्बन्धमा

९. राजश्व संकलन गर्ने सम्बन्धमा

१०. व्यवसाय दर्ता नविकरण शिविर सञ्चालन गर्ने ।

११. वडा कार्यालय भवन निर्माण विलको स्रोत सुनिश्चितता सम्बन्धमा ।

१२. आर्थिक सहायता सम्बन्धमा ।

**बैठकका निर्णयहरु:**

**निर्णय नं.-१:** हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत मौजुदा दरवन्दी विवरण वमोजिम यस कार्यालयमा पदपूर्तिको अवस्था रहेकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था तथा कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ६ (१) वमोजिम सङ्गठन संरचना तथा दरवन्दी सृजना गर्न, पुनरावलोकन वा हेरफेर गर्न आवश्यक भएमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सिफारिस समिति गठन गर्नुपर्ने कानूनी व्यवस्था रहेको, ऐ.ऐनको दफा ६(२) वमोजिमको सिफारिस समितिले सङ्गठन संरचना तथा दरवन्दी सृजना गर्न, पुनरावलोकन वा हेरफेर गर्नुपर्ने प्रयास आधार, औचित्य र स्थानीय तहको आर्थिक सक्षमता समेत खुलाई प्रतिवेदन तयार गरी गाउँ

कार्यपालिकामा पेश गर्नुपर्ने व्यवस्था रहेको. कार्यपालिकाले गाउँ सभामा पेश गरी ऐ.ऐनको दफा ६(३) बमोजिम सभाबाट स्वीकृत गरी ऐ.ऐनको दफा ७ बमोजिम सम्बन्धित कोशी प्रदेश किताबखानामा पद दर्ताको लागि पठाउनु पर्ने कानूनी व्यवस्था पुरा गरी कार्यान्वयनका लागि ऐ.ऐनको दफा ६ (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ५ (पाँच) सदस्यीय तपसिल बमोजिमको सिफारिस समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

१. प्र.प्र.अ.श्री भोगबहादुर राई - संयोजक
२. अधिकृत छैटौं श्री दिलिप कुमार मगर (प्रशासन) - सदस्य
३. आ.ले.प.(अधिकृत छैटौं) श्री चिरन्जिवी दाहाल - सदस्य
४. रोजगार संयोजक श्री ऋद्धिरमण घिमिरे - सदस्य
५. कानूनी सल्लाहकार श्री मदन कुमार राई - सदस्य

**निर्णय नं.२:** चालु आवमा गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता स्थल वडा नं. ७ स्थित श्री हर्कपुर मावि, हर्कपुरमा सञ्चालन गर्नको लागि खेल मैदान मर्मतको लागि जेसिवी, ट्र्याक्टर, स्काईभेटर, टिफर र पानी ट्र्यांकर प्रयोग वापत खपत भएको इन्धन वापतको अर्पण आयल डिष्ट्रिब्यूटर्स सेन्टरको विल रकम रु.६३,६००/- अनुमोदन गर्ने तथा उक्त विल रकम इन्धन-ब्याकहो लोडर जेसिवि बजेट शीर्षकबाट उक्त आयल डिष्ट्रिब्यूटर्स सेन्टरलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** तेस्रो स्पार्क एडभेन्चर गेटवे टु एभरेष्ट (२०८२ वैसाख २६-२८) को आयोजनामा वैसाख २६ गते उक्त अभियानको प्रस्थानविन्दु मानेभन्ज्याङ गाउँपालिका रहेको र त्यस अभियानलाई यस गाउँपालिकामा विशेष स्वागत गर्न वडा नं. ६ स्थित निर्माणाधीन लेखटार पार्क (व्याकुल माईला पर्यटन प्रवर्द्धन केन्द्र) मा भव्य स्वागत गर्ने कार्यक्रममा भएको विविध खर्चको विल अनुसारको रकम रु. ४०,७९०/- रकम अनुमोदन गर्ने तथा उक्त खर्च रकम उद्यम सहजकर्ता (सहायकस्तर चौथो) श्री गोविन्द खत्रीलाई विविध खर्च वजेट शिर्षकवाट शोधभर्ना भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** सिद्धिचरण नगरपालिका, ओखलढुङ्गाद्वारा मिति २०८२/०१/३० देखि २०८२/०२/०३ सम्म आयोजित मेयर कप प्रथम खुल्ला पुरुष फुटवल प्रतियोगिता-२०८२ मा सहभागी हुन यस गाउँपालिकाबाट सहभागी हुने खेलकुद प्रतियोगिता सहभागी वापत विल बमोजिमको खर्च रकम रु. १,४६,८००/- अनुमोदन गर्ने तथा उक्त खर्च विविध कार्यक्रम र विविध खर्च वजेट शिर्षकबाट सूचना प्रविधि अधिकृत श्री विपिन कार्कीलाई शोधभर्ना भुक्तानी गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं.५:** मानेभन्ज्याङ गाउँकार्यपालिकाको मिति २०७८ साल असार २ गते यस गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयहरू श्री जनज्योती पंचावती आवि मोली (कक्षा ०-५) र श्री ईश्वरी आवि मोली(कक्षा ०-३) को विद्यालय समायोजन गर्ने निर्णय भएता पनि कार्यान्वयन हुन नसकेको तथा शै. स. २०८२ देखि माथि उल्लेखित विद्यालयहरू समायोजन गर्ने भनि सम्वन्धित विद्यालयहरूले विद्यालय व्यवस्थान समित तथा आम अभिभावक भेला गरी विद्यालय समायोजन गरी नयाँ विद्यालय श्री ईश्वरी आवि मोली नाम कायम गर्ने गरी निर्णय पेश गरेकाले **"सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यान्वयन कार्यविधि, २०७७" बमोजिम** विद्यालय समायोजन गर्ने तथा श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी समक्ष अनुदान माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** व्यवसायिक सिप विकास तालिम केन्द्र, ओखलढुंगा र मानेभन्ज्याङ गाउँपालिकाको सहकार्य/साझेदारीमा १ (एक) महिने वेटर/वेट्रेस तालिम सञ्चालन गर्न गाउँपालिकाले सूचना प्रकाशन गरेकोले उक्त तालिम कार्यक्रम आवश्यकता अनुसार आवासीय सुधिधा सहित गर्ने सकिने निर्णय गरियो ।

**निर्णय नं.७:** यस गाउँपालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्यचौकीहरुमा रिक्त रहेको तपसिलमा उल्लिखित दरवन्दी अनुसारको कर्मचारी सेवा करारमा पदपूर्ति गर्ने निर्णय गरियो ।

**तपसिलः**

क. एच.ए. - १ (एक) जना

ख. अ.हे.व. – १(एक) जना

ग. अ.न.मी. – १(एक) जना

निर्णय नं. ८: मानेभन्ज्याङ गाउँपालिकाको आधिकारिक नारा (Slogan) ***कृषि, पर्यटन, सुशासन, खेलकुद र पूर्वाधारः समृद्ध मानेभन्ज्याङ गाउँपालिकाको आधार*** स्वीकृत गर्ने र पालिकाका आधिकारिक लेटरहेड/पत्रहरु र कागजातहरुमा सोही नारा उल्लेख गर्ने निर्णय गरियो ।

निर्णय नं. ९: गाउँपालिकाबाट जारी भएका विभिन्न नगदी रसिदवाट संकलन भएको राजश्व तत्काल गाउँपालिकाको राजश्व शाखामा दाखिला गर्न/गराउन लगाउने निर्णय गरियो ।

निर्णय नं. १०: यस गाउँपालिकाभित्र सञ्चालित विभिन्न फर्म/पसल/व्यवसायको दर्ता तथा नवीकरण कार्यको लागि उपयुक्त मितिमा व्यवसाय दर्ता/नवीकरण शिविर सञ्चालन गर्ने निर्णय गरियो । साथै उक्त शिविरमा एकीकृत सेवा सञ्चालन गर्नेको लागि करदात सेवा कार्यालय, ओखलढुंगा र घरेलु तथा साना उद्योग कार्यालय ओखलढुंगालाई समेत अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११: गत आव २०८०/८१ मा संघीय समपूरक अनुदानवाट सञ्चालित वडा कार्यालय भवन निर्माण (वडा नं. १,२,६ र ८) को ठेकेदार कम्पनी सप्नावती निर्माण सेवाले प्राकृतिक प्रकोपका कारण गत आवमा वडा

कार्यालय भवन निर्माण कार्य पूर्णरुमा सम्पन्न गर्न नसकी चालु आव २०८१/८२ मा ३ (तीन) महिना म्याद थपिएको र उक्त म्यादभित्र गरेको बाँकी कामको प्राविधिक मूल्यांकन अनुसारको दायित्व रकम चालु आवमा संघीय सरकार समपूरक अनुदान तर्फ विनियोजित वडा कार्यालय भवन निर्माण (वडा नं. १,२,६ र ८) रकमबाट उक्त दायित्व समेत भुक्तानी गर्न मिल्ने गरी क्रियाकलाप संशोधनको व्यवस्था मिलाईदिन नेपाल सरकार, अर्थ मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो । साथै मन्त्रायबाट सो अनुसार नभएमा आगामी गाउँसभामा स्रोत सुनिश्चितता तथा बजेटको प्रस्ताव गर्ने निर्णय गरियो।

निर्णय नं. १२: मुटु तथा कलेजो रोगी वडा नं. ६ निवासी गंग बहादुर राईलाई गाउँपालिकाको अन्य सामाजिक सहायता बजेट शीर्षकबाट अधिकतम रु. १५,०००/- आर्थिक सहायता भुक्तानी गर्ने निर्णय गरियो ।